# पथरी शनिश्चरे नगरपालिकाको नगर राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि, २०७४

स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र रही ऐन,नियम निर्देशिका,कार्यविधि तथा मापदण्डहरु स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने भन्ने स्थानीय तह सरकार सञ्चालन ऐन ,२०७४ को दफा १०२ को उपदफा (४) को मर्मलाई आत्मसात् गर्दै **पथरी शनिश्चरे** नगरपालिकाबाट पारित ऐन,नियम निर्देशिका,कार्यविधि मापदण्ड,निर्णय तथा अन्य सार्वजनिक महत्वका निर्णय तथा सूचनाहरु प्रकाशन गरी नगरवासीलाई जानकारी दिन वाञ्छनीय भएकाले यो **पथरी शनिश्चरे** नगरपालिका ,नगर राजपत्र कार्यविधि २०७४ **पथरी शनिश्चरे** नगरपालिका,नगर कार्यपालिकाको बैठकबाट मिति २०७४/१२/३ मा स्वीकृत गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम तथा प्रारम्भ:** यस कार्यविधिको नाम "पथरी शनिश्चरे नगरपालिका,नगर राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि", २०७४ रहनेछ ।

२. **परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क. "नगरपालिका" भन्नाले पथरी शनिश्चरे नगरपालिका सम्झनु पर्दछ ।

ख. "नगर सभा" भन्नाले पथरी शनिश्चरे नगर सभा सम्झनु पर्दछ ।

ग. "नगर कार्यपालिका" भन्नाले पथरी शनिश्चरे नगर कार्यपालिका सम्झनु पर्दछ ।

घ. "कार्यालय" भन्नाले पथरी शनिश्चरे नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, पथरीलाई सम्झनु पर्दछ ।

ङ. "सूचना शाखा" भन्नाले नगरपालिकाको सूचना शाखालाई सम्झनु पर्दछ ।

च. "वेवसाइट" भन्नाले www.patharishanishcharemun.gov.np लाई सम्झनु पर्दछ ।

३. **नगर राजपत्रको प्रकाशन गर्ने:** (१) पथरी शनिश्चरे नगरपालिकाको राजपत्रमा निम्न बमोजिम भागहरु रहने छन् र तत् भागमा निम्नानुसार विषयहरु प्रकाशन हुनेछन् :

क) भाग -१, नगर सभाले पारित गरेका ऐन ,नियम, स्वीकृत गरेका योजना तथा कार्यक्रमहरु तथा अन्य निर्णयहरु

ख) भाग-२, नगर कार्यपालिकाले पारित गरेका नियम,कार्यविधि ,निर्देशिका,मापदण्ड तथा अन्य निर्णयहरु

CS CamScanner

ग) 'भाग -२, कार्यालयबाट भएका महत्वपूर्ण सार्वजनिक महत्वका निर्णय तथा सूचनाहरु

४. **नगर राजपत्रको अभिलेखीकरणको व्यवस्थापन:** (१)नगर राजपत्रको सम्पादन,छपाइ तथा अभिलेखीकरण कार्य नगर कार्यपालिकाको कार्यालयको सूचना शाखाबाट हुनेछ ।

५. **आधिकारिकता प्रमाणित:** (१) सूचना शाखाले प्रकाशन गरेको कागजातहरुको विद्युतिय प्रतिले कानूनी मान्यता पाउने छैन ।

(२) नगर राजपत्रको आधिकारिकता प्रमाणित गर्ने सर्वाधिकार नगर कार्यपालिकाको कार्यालयमा रहने छ । यस्तो आधिकारिकता प्रमाणित गर्नका लागि कार्यालयले सूचना शाखा प्रमुख वा अधिकृत स्तर कर्मचारिलाई तोक्न सक्नेछ ।

६. **नगर राजपत्रको प्रकाशनको स्वीकृति:**(१) नगर राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु कार्यालय प्रमुखबाट स्वीकृत भएपछि मात्र सूचना शाखाले छाप्नु पर्नेछ ।

(२) कार्यालय प्रमुखबाट स्वीकृत भएको ७२ घण्टा भित्र नगर राजपत्रको प्रकाशन गरिसक्नु पर्नेछ । सूचना शाखाले नगर राजपत्र प्रकाशन भएको २४ घण्टा भित्र कार्यालयको वेभसाइटमा राख्नु पर्नेछ ।

७. **पानी छाप राखिने:** सूचना शाखाले प्रकाशन गर्ने नगर राजपत्रमा " **पथरी शनिश्चरे** राजपत्र" उल्लेख भएको पानी छाप (वाटर मार्क) प्रयोग गरिनेछ ।

८. **राजपत्र व्यवस्थापन समिति:** (१) **पथरी शनिश्चरे** नगरपालिका नगर राजपत्रको प्रकाशन सम्वन्धि कार्यलाई व्यवस्थित,अद्यावधिक र दुरुस्त बनाई राख्नका लागि एउटा व्यवस्थापन तथा अनुगमन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिले नगर राजपत्रमा प्रकाशित सामाग्रीहरुलाई व्यवस्थित,अद्यावधिक तथा त्रुटिरहित बनाउन आवश्यक सल्लाह,सुझाव तथा समन्वयको कार्य गर्नेछ ।

९. **प्रकाशन सम्बन्धमा कार्यालयले निर्णय लिन सक्ने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि नगर राजपत्रमा छापिने र प्रकाशन हुने कुनै कुरा कार्यालयलाई प्रकाशन गर्न उपयुक्त लागेमा कार्यालयले निर्णय गरी त्यस्तो दस्तावेज वा सामाग्रीहरु प्रकाशन गर्न सक्नेछ ।

१०. **बचाउ:** यस कार्यविधिमा लेखिए जति कार्य सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

CamScanner